# नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना:** नेपालको हवाई उडान सेवालाई सुरक्षित, स्तरीय, प्रभावकारी एवं विश्वसनीय बनाई सुविधायुक्त विमानस्थलको निर्माण, स्तरोन्नति र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विमानस्थल तथा एयर नेभिगेशन सेवा सञ्चालन गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,
संघीय सदले यो ऐन बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालन तथा सोसँग सम्बन्धित उड्डयन क्रियाकलापसँग सम्बद्ध जोखिमलाई स्वीकार्य तहमा न्यूनीकरण र नियन्त्रण गरिएको अवस्था सम्झनु पर्छ ।

(ग) "एयर नेभिगेशन सेवा" भन्नाले हवाई उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने हवाई ट्राफिक व्यवस्थापन सेवा सम्झनु पर्छ र सो शब्दले हवाई सञ्चार, हवाई पथ प्रदर्शन, निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा र हवाई सूचना सेवा समेतलाई जनाउँछ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम नागरिक उड्डयन क्षेत्रको नियमन गर्न स्थापना भएको निकाय सम्झनु पर्छ ।

(च) "प्राधिकरण" भन्नाले दफा ४ बमोजिम स्थापना भएको नेपाल हवाई सेवा प्राधिकरण सम्झनु पर्छ।

(छ) "प्रबन्ध निर्देशक" भन्नाले दफा ३२ बमोजिम नियुक्त प्रबन्ध निर्देशक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(झ) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थीर वा चलायमान हुन सक्ने वा उड्न सक्ने जुनसुकै यन्त्र, यान वा उपकरण सम्झनु पर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको बेलुन, हवाईजहाज, हेलिकप्टर, ड्रोन, ग्लाइडर, माइक्रोलाइट र अन्य यस्तै प्रकृतिका मानवसहित वा मानवरहित उड्ने जुनसुकै यन्त्र समेतलाई जनाउँछ ।

(ञ) "वायु सेवा" भन्नाले हवाई यातायात सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कम्पनी वा संस्थाले यात्रु, डाँक वा मालसामान ओसार पसार गर्ने सेवा सम्झनु पर्छ।

(ट) "विमानस्थल" भन्नाले वायुयानको आगमन, उडान तथा सतहमा गुड्न धावनको लागि पूर्ण वा आंशिक रुपमा प्रयोग हुने भू-सतह वा जलक्षेत्र वा त्यस्तो भू-सतहमा जडिएको कुनै भवन, संरचना वा उपकरण भए सो समेतले ओगटेको निर्दिष्ट क्षेत्र सम्झनु पर्छ ।

(ठ) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा हवाई उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा तत्सम्वन्धी आवश्यक सूचना तथा जानकारी आदान प्रदान गर्ने कामको लागि कुनै यन्त्र वा सञ्चार वा उड्डयन सहाय उपकरण (नेभिगेसन एड) जडान भएका वा नभएका कुनै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा र घाट सम्झनु पर्छ ।

(ड) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ।

(ढ) "समिति" भन्नाले दफा ७ बमोजिमको प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ।

(ण) "हवाई सुरक्षा" भन्नाले गैरकानूनी हस्तक्षेपजन्य कार्य हुन नदिन नागरिक उड्डयनको सुरक्षा गर्ने उद्देश्यले अवलम्बन गरिएका उपायहरु सम्झनु पर्छ ।

(त) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरणको लागि निर्धारित स्थान सम्झनु पर्छ ।

३. <u>ऐन लागू नहुने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि तोकिएको विमानस्थल क्षेत्रको हकमा लागू हुने छैन।

## परिच्छेद –२

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

४. <u>प्राधिकरणको स्थापना:</u> (१) विमानस्थल सेवा तथा एयर नेभिगेशन सेवालाई सुरक्षित, स्तरीय, प्रभावकारी एवं विश्वसनीय रुपमा सञ्चालन र व्यवस्थापन गर्न नेपाल हवाई सेवा प्राधिकरण स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा "एयर सर्भिसेस अथोरिटि अफ नेपाल" र छोटकरीमा "ए.एस.ए.एन." भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

५. <u>प्राधिकरण स्वशासित संगठित संस्था हुने:</u> (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) प्राधिकरणको कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकारः</u> यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विमानस्थलको निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन गर्ने,

(ख) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र अग्नि निवारण तथा जीवनोद्धार सेवा उपलव्ध गराउने,

(ग) विमानस्थलमा भूमिस्थ (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा सञ्चालन गर्ने वा गराउने,

(घ) दृष्टिगत र यान्त्रिक उडान (भिजुयल एण्ड इन्स्ट्रुमेन्ट फ्लाइट) विधि निर्धारण गर्ने,

(ङ) हवाई मानचित्र (एरोनटिकल चार्टस) तयार गरी लागू गर्ने,

(च) हवाई उडान सेवा (एयर ट्राफिक सर्भिस) र हवाई उडान सूचना सेवा (एरोनटिकल इन्फर्मेशन सर्भिस) उपलव्ध गराउने,

(छ) खोज तथा उद्धार कार्यमा समन्वय गर्ने,

(ज) उडानको लागि मौसम सम्बन्धी सूचना आदान प्रदान गर्ने,

(झ) वायुयानको उडान तालिका स्वीकृत गर्ने र उडान अनुमति दिने,

(ञ) हवाई यात्रुको सुविधालाई दृष्टिगत गरी विमानस्थल, विमानस्थल क्षेत्र र उपलव्ध सेवा सुविधालाई अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी प्रयोग गर्ने वा गर्न दिने,

(ट) हेलिप्याड सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ठ) नियामक निकायबाट जारी आवश्यक शर्त (रिक्वायरमेन्टस), निर्देशिका, परिपत्र वा आदेशको परिपालना गर्ने र सो बमोजिम आवश्यक पर्ने कागजात, म्यानुअल तथा कार्यविधि तर्जुमा गरी लागू गर्ने वा गराउने,

(ड) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग तथा उडान अवतरण विधि निर्धारण गर्ने,

(ढ) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(ण) प्राधिकरणको लागि आवश्यक पर्ने स्रोत साधन जुटाउने तथा त्यसको प्रभावकारी परिचालन गर्ने वा गराउने,

(त) प्राधिकरणको काम कारवाहीलाई नतिजामुखी र प्रभावकारी बनाउन विभिन्न निकायवीच आवश्यक समन्वय गर्ने,

(थ) नेपाल सरकार तथा मन्त्रालयले दिएको निर्देशन पालना गर्ने वा गराउने,

(द) तोकिए बमोजिमका अन्य काम गर्ने ।

## परिच्छेद-३

## सञ्चालक समिति

७. समितिको गठन: (१) प्राधिकरणको काम कारबाहीको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र नागरिक उड्डयनको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्ति मध्येबाट नेपाल सरकारले नियुक्त गरेको एक जना -अध्यक्ष

(ख) सहसचिव, मन्त्रालय -सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय -सदस्य

(घ) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ङ) महाप्रवन्धक, नेपाल वायुसेवा निगम -सदस्य

(च) निजी वायुसेवा कम्पनीबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

(छ) प्रवन्ध निर्देशक, प्राधिकरण -सदस्य-सचिव।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निज पुनः एक पटकको लागि नियुक्त वा मनोनयन हुन सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (च) बमोजिम मनोनीत सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, प्राधिकरणको हित वा उद्देश्य विपरीत हुने गरी काम गरेमा वा निजमा खराब आचरण देखिएमा अध्यक्षको हकमा नेपाल सरकारले र सदस्यको हकमा मन्त्रालयले निजलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(५) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको अध्यक्ष तथा सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ।

८. अध्यक्ष तथा सदस्यको अयोग्यता तथा पद रिक्त हुने अवस्था: (१) देहायको व्यक्ति अध्यक्ष तथा सदस्यको पदमा नियुक्त वा मनोनयन हुन अयोग्य हुनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री, वितरण तथा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालो सूची वा साहूको दामासाहीमा परेको,

(घ) मानसिक सन्तुलन ठिक नभएको,

(ङ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको, वा

(च) आफू वा आफ्नो परिवारको कुनै सदस्य प्राधिकरणको सेवा लिने संस्थासँग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको ।

(२) देहायको अवस्थामा खण्ड (क) बमोजिम नियुक्त अध्यक्ष र खण्ड (च) बमोजिम मनोनीत सदस्यको पद रिक्त हुनेछः-

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजमा उपदफा (१) बमोजिमको अयोग्यता भएमा,

(घ) निजलाई दफा ७ को उपदफा (३) बमोजिम हटाइएमा,

(ङ) विना सूचना अध्यक्ष बाहेक कुनै सदस्य समितिको तीन वटा बैठकमा लगातार अनुपस्थित भएमा, वा

(च) निजको मृत्यु भएमा ।

९. <u>समितिको बैठक र निर्णय:</u> (१) समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सदस्य-सचिवले समितिको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ ।

(८) आवश्यकता अनुसार कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विमानस्थल तथा एयर नेभिगेसन सेवा सम्बन्धी नीति निर्माणमा मन्त्रालयलाई सुझाव दिने,

(ख) प्राधिकरणको मानव स्रोत विकास एवं व्यवस्थापन योजना तथा सांगठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ग) प्राधिकरणको वित्तीय स्रोत परिचालन र सोको लगानी नीति स्वीकृत गर्ने,

(घ) प्राधिकरणको कर्मचारी तथा आर्थिक प्रशासन सम्बन्धी नियमावली बनाई स्वीकृतिका लागि मन्त्रालय समक्ष पेश गर्ने,

(ङ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गरी लागू गर्ने वा गराउने,

(च) प्राधिकरणको बार्षिक योजना, बजेट तथा कार्यतालिका सहितको कार्यक्रम स्वीकृत गर्ने,

(छ) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(ज) प्राधिकरणको स्वीकृत कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(झ) प्राधिकरणको बेरुजु फछ्र्यौट गर्ने वा गराउने,

(ञ) प्राधिकरणको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रवन्ध निर्देशकलाई आवश्यक निर्देशन दिने।

११. अध्यक्षको काम, कर्तव्य र अधिकार: अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) समितिको बैठकमा छलफल गरिने विषयहरूको प्राथमिकता निर्धारण गर्ने,

(ग) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) प्राधिकरणको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्ने वा गराउने,

(ङ) समितिको निर्णय कार्यान्वयन गर्न प्रबन्ध निर्देशकलाई निर्देशन दिने।

१२. संयुक्त लगानी: (१) प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्तासँग व्यवसायिक योजना अनुसार संयुक्त लगानीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न वा स्वदेशी वा विदेशी सरकार वा संस्थासँग सार्वजनिक, निजी वा संयुक्त साझेदारीमा विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन वा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगानी गर्ने सम्बन्धी कार्य प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. व्यवसायिक सिद्धान्त अनुसरण गर्ने: प्राधिकरणले यस ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा दायित्व तथा जिम्मेवारी वहन गर्दा उडान सुरक्षा, हवाई सुरक्षा तथा हवाई यात्रुको सुविधालाई दृष्टिगत गरी व्यवसायिक सिद्धान्त अनुसरण गर्नु पर्नेछ।

## परिच्छेद-४
## विमानस्थलको निर्माण तथा सञ्चालन

१४. विमानस्थलको निर्माण तथा सञ्चालन: (१) नेपाल सरकारको स्वीकृति नलिई कसैले पनि विमानस्थल निर्माण तथा सञ्चालन गर्न पाउने छैन ।

(२) प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई आवश्यकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विमानस्थल निर्माण गर्दा नेपाल सरकारले तोकिदिए बमोजिमको शर्त पालना गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नेपाल सरकारले प्राधिकरणलाई विमानस्थल निर्माणको स्वीकृति दिंदा विमानस्थलको चार किल्ला तोकी देहायका विषयमा समेत विचार गरी स्वीकृति दिनु पर्नेछः-

(क) प्राविधिक, भौगोलिक, पर्यटकीय तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,

(ख) व्यवसायिक सम्भाव्यता,

(ग) स्वदेशी तथा वैदेशिक लगानीको सम्भाव्यता,

(घ) सामाजिक दायित्व,

(ङ) सामरिक तथा रणनीतिक महत्व ।

(५) उपदफा (४) बमोजिम विमानस्थल निर्माणको लागि तोकेको चार किल्ला क्षेत्रको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(६) स्थानीय तहले मन्त्रालयको स्वीकृति लिई प्रधिकरणबाट स्वीकृत मापदण्ड पूरा गरी आफ्नो क्षेत्रमा हेलिप्याड निर्माण तथा सञ्चालन गर्न सक्नेछ।

(७) निजी क्षेत्रले मन्त्रालयको स्वीकृति लिई प्राधिकरणबाट स्वीकृत मापदण्ड पूरा गरी आफ्नो प्रयोजनको लागि हेलिप्याड निर्माण गरी हेलिकप्टर उडान सेवा सञ्चालन गर्न सक्नेछ।

१५. विमानस्थलको सञ्चालन तथा व्यवस्थापनः (१) प्राधिकरण अन्तर्गतका विमानस्थलको सञ्चालन तथा व्यवस्थापन प्राधिकरणले गर्नेछ ।

(२) प्राधिकरणले आफू अन्तर्गतको विमानस्थल नेपाल सरकारको स्वीकृति लिई कुनै सरकारी निकाय वा निजी क्षेत्रलाई त्यस्तो विमानस्थलको सञ्चालन तथा व्यवस्थापन गर्न दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले विमानस्थलको सञ्चालन तथा व्यवस्थापन गर्न दिने सम्बन्धी शर्त, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. विमानस्थल दर्ता तथा प्रमाणपत्रः (१) कसैले पनि विमानस्थल दर्ता तथा विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त नगरी विमानस्थल सञ्चालन गर्न हुँदैन ।

(२) अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने विमानस्थल सञ्चालकले अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्नु अघि सम्बन्धित निकायमा तोकिए बमोजिम विमानस्थल दर्ता गरी विमानस्थल सञ्चालन प्रमाणपत्र लिनु पर्नेछ।

(३) आन्तरिक विमानस्थल सञ्चालन गर्ने विमानस्थल सञ्चालकले आन्तरिक विमानस्थल सञ्चालन गर्नु अघि सम्बन्धित निकायमा तोकिए बमोजिम विमानस्थल दर्ता गरी विमानस्थल सञ्चालन प्रमाणपत्र लिनु पर्नेछ ।

(४) विमानस्थल सञ्चालन प्रमाणपत्र आवश्यक नपर्ने तोकिएका आन्तरिक विमानस्थलले सम्बन्धित निकायमा तोकिए बमोजिम विमानस्थल दर्ता गराउनु पर्नेछ ।

१७. विमानस्थलको प्रयोगः (१) कसैले पनि स्वीकृति प्राप्त प्रयोजन बाहेक अन्य प्रयोजनका लागि विमानस्थलको प्रयोग गर्नु वा गराउनु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आपतकालीन अवस्था वा विशेष अनुमति लिएको अवस्थामा बाहेक अन्य राष्ट्रबाट प्रस्थान गरेका वा त्यस्ता राष्ट्रमा गन्तव्य भएका उडानले अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र उडान तथा अवतरण गर्नुपर्नेछ ।

१८. विमानस्थल सञ्चालकले समन्वय गर्नु पर्नेः विमानस्थलमा सुरक्षित, नियमित र प्रभावकारी रुपले सेवा सुविधा उपलब्ध गराउन विमानस्थल सञ्चालकले विमानस्थलमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरु बीच समन्वय गर्नु पर्नेछ।

१९. विमानस्थल सञ्चालकले निर्देशन दिन सक्नेः (१) हवाई यात्रुको सेवा, सुरक्षा र सुविधा तथा विमानस्थलको सुरक्षालाई दृष्टिगत गरी विमानस्थल सञ्चालकले विमानस्थलमा कार्यरत सरकारी वा गैरसरकारी संस्था, व्यक्ति वा अन्य सरोकारवालालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) हवाई सेवालाई सुरक्षित रुपमा सञ्चालन गर्न विमानस्थल सञ्चालकले विमानस्थल क्षेत्र तथा हवाई मार्गमा देहाय बमोजिम गर्न सक्नेछः-

(क) त्यस्तो क्षेत्र, मार्ग र त्यसको आसपासमा प्रकाशको व्यवस्था गर्ने,

(ख) त्यस्तो क्षेत्र र मार्गमा रहेको कुनै व्यक्तिको निजी घर जग्गामा तोकिए बमोजिम प्रकाशको व्यवस्था गर्न लगाउने,

(ग) त्यस्तो क्षेत्र र मार्गमा रहेको जग्गामा कसैले कुनै भवन, टावर, लट्ठा इत्यादि बनाउँदा वा खडा गर्दा वा प्रकाशको व्यवस्था गर्दा पालना गर्नु पर्ने शर्त तोक्ने वा सो सम्बन्धमा बन्देज लगाउने,

(घ) खण्ड (ग) बमोजिम तोकिएको शर्त वा बन्देजमा उल्लिखित उचाई भन्दा बढीको भवन, घर, टहरा, टावर, लट्ठा, रूख वा अन्य कुनै संरचना बनाउन वा खडा गर्न प्रतिबन्ध लगाउने वा भैरहेको त्यस्तो भवन, घर, टहरा, लट्ठा, रूख आदि पूरै वा केही भत्काउन, उखेल्न, काट्न वा हटाउन लगाउने,

(ङ) त्यस्तो क्षेत्र वा मार्गमा रहेका वायुयान लगायत अन्य कुनै सम्पत्ति, यन्त्र वा उपकरणको सुरक्षाको निमित्त आवश्यक व्यवस्था गर्ने ।

(३) उपदफा (२) बमोजिम विमानस्थल सञ्चालकले उडान सुरक्षालाई ध्यानमा राखी विमानस्थल वा विमानस्थल क्षेत्रभित्र वा सोको वरिपरी कसैको चल, अचल सम्पत्तिको भोग चलनमा बन्देज लगाउन आवश्यक ठानेमा सूचना प्रकाशन गरी प्रचलित कानूनको अधीनमा रही शर्तयुक्त बन्देज लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम बन्देज लगाउने निर्णय गर्दा तत्सम्बन्धी सूचनामा बन्देज लगाउनु परेको कारण समेत स्पष्ट खुलाउनु पर्नेछ ।

(५) विमानस्थल सुरक्षा तथा हवाई उडानलाई सुरक्षित गर्ने प्रयोजनको लागि विमानस्थल सञ्चालकले अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. वातावरण संरक्षणः नेपाल सरकारले विमानस्थल तथा त्यसको वरपर कायम राख्नु पर्ने वातावरण संरक्षण, ध्वनी तथा वायु प्रदुषणको स्तर तोक्ने र उड्डयन गतिविधिबाट उत्पन्न हुने ध्वनी तथा वायुको मूल्याङ्कन गर्ने विधि वा प्रक्रिया निर्धारण गर्नेछ ।

२१. <u>चराचुरुङ्गी, वन्यजन्तु तथा फोहोरमैला नियन्त्रणः</u>(१) विमानस्थल सञ्चालकले विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा वन्यजन्तुको नियन्त्रणका लागि प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा वन्यजन्तु नियन्त्रणको लागि आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित क्षेत्रका बासिन्दाको कर्तव्य हुनेछ ।

(३) विमानस्थल र विमानस्थलको तीन किलोमिटर वरिपरिको क्षेत्रमा कसैले पनि अनियन्त्रित बधशाला स्थापना गर्ने तथा फोहोर मैला थुपार्ने कार्य गर्नु हुँदैन ।

(४) विमानस्थल क्षेत्रमा सेवा सुविधा प्रदान गर्न कार्यरत व्यक्ति र संस्थाले आफ्नो कार्य सम्पादन गर्दा विमानस्थल क्षेत्रमा फोहोर मैला गर्नु हुँदैन ।

२२. <u>अरूको घर जग्गामा प्रवेश गर्न सक्नेः</u> (१) विमानस्थल क्षेत्र आसपास वा हवाई मार्गमा रहेका घर वा जग्गाबाट वायुयान उडानमा अवरोध वा विमानस्थलको सुरक्षामा बाधा उत्पन्न हुने गरी कुनै कार्य गरेमा वा त्यस्तो कार्य हुने गरी शंकास्पद गतिविधि गरेमा नजिकको सुरक्षा निकाय वा स्थानीय तहका प्रतिनिधिको रोहवरमा त्यस्तो घर वा जग्गा प्रयोग गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिई विमानस्थल सञ्चालकबाट अख्तियार प्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा प्रवेश गर्न सक्नेछ ।

तर कुनै हवाई दुर्घटना हुनबाट बचाउन वा त्यस्तो घर वा जग्गामा जडान भएको कुनै उपकरणको आपतकालीन मर्मत कार्य गर्नु परेमा पूर्व सूचना नदिएर पनि जुनसुकै समयमा विमानस्थल सञ्चालकबाट अख्तियारप्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) यस दफा बमोजिम विमानस्थल सञ्चालकबाट अख्तियार प्राप्त व्यक्तिले अरुको घर वा जग्गामा प्रवेश गर्दा अपनाउनु पर्ने प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. <u>शुल्क लिन सक्ने</u> : (१) विमानस्थल सञ्चालकले विमानस्थलमा देहायका सेवा सुविधा उपलब्ध गराए बापत देहाय बमोजिम शुल्क लिन सक्नेछ :–

(क) विमानस्थल तथा विमानस्थल क्षेत्रमा वायुयान अवतरण (ल्याण्डिङ), गृह आश्रय (हाउजिङ्ग), विसान (पार्किङ) वा अन्य सवारी साधन विसान (पार्किङ) गरे बापत तोकिए बमोजिमको शुल्क,

(ख) विमानस्थलमा विदेशी वायुयानद्वारा नेपालमा पैठारी हुने मालसामान (कार्गो) ढुवानीमा लाग्ने तोकिए बमोजिमको मालसामान (कार्गो) शुल्क,

(ग) नेपालको भू-भागमाथी कुनै वायुयानले उडान (ओभर फ्लाई) गरे वापतको शुल्क,

(घ) विमानस्थल प्रयोग गरे बापत हवाई यात्रुहरूबाट लिइने तोकिए बमोजिमको यात्रु सेवा सुविधा वापतको शुल्क,

(ङ) विमानस्थलको टर्मिनल भवनभित्र प्रवेश गर्ने आगन्तुकहरुबाट प्रवेश शुल्क बापत लिइने तोकिए बमोजिमको रकम,

(च) विमानस्थलमा भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ) सेवा, हवाई इन्धन विक्री, उडानमा रहेका यात्रुहरूलाई खाना उपलब्ध गराउने सेवा (फ्लाइट क्याटरिङ), मालसामान प्रबन्ध (कार्गो हैण्डलिङ) सेवा, यात्रु परिवहन (लिमोजिन) सेवा लगायतका सेवा सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क,

(छ) विमानस्थल वा विमानस्थल क्षेत्रमा करमुक्त पसल, रेष्टुरेण्ट, होटल, पसल कवल, अति विशिष्ट व्यक्तित्व कक्ष, व्यवसायिक व्यक्तित्व कक्ष वा अन्य व्यापार, व्यवसाय सञ्चालकहरुबाट लिइने तोकिए बमोजिमको भाडा तथा शुल्क,

(ज) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र छायाङ्कन तथा विज्ञापन बापत लिइने तोकिए बमोजिमको शुल्क,

(झ) विमानस्थल क्षेत्रको भवन, जग्गा भाडामा उपलब्ध गराए बापत तोकिए बमोजिमको भाडा,

(ञ) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र विजुली, खानेपानी, टेलिफोन, टेलेक्स, फ्याक्स आदि सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क,

(ट) निर्धारित समय भन्दा बढी समय विमानस्थल तथा विमानस्थल क्षेत्र खुला राखे बापत तोकिए बमोजिम अतिरिक्त शुल्कस्वरूप प्राप्त रकम,

(ठ) प्रधिकरणले उपलब्ध गराउने अन्य सेवा सुविधा बापतको शुल्क तथा भाडा ।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने शुल्क तथा भाडा तोकिएको म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले तोकिए बमोजिम जरिबाना लगाई शुल्क तथा भाडा असूल गर्न सक्नेछ ।

(३) प्राधिकरणले उपदफा (२) बमोजिम शुल्क तथा भाडा नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिलाई विमानस्थलको सेवा, सुविधा प्रयोग गर्न रोक लगाई त्यस्तो शुल्क, भाडा तथा जरिवाना सरकारी बाँकी सरह असूल गर्न सक्नेछ।

(४) प्राधिकरणले उपदफा (२) र (३) बमोजिम रकम असूल गर्दा त्यस्तो रकममा लागेको जरिबाना आंशिक वा पूर्ण रुपले छुट दिन सक्नेछ ।

## परिच्छेद-५

## वायुयान उडान तथा अवतरण सम्बन्धी

२४. अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्न नहुने: यस ऐन तथा प्रचलित कानून बमोजिम वायुयान उडान अनुमति नलिई कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडान तथा अवतरण गर्नु वा गराउनु हुँदैन।

२५. वायुयान उडान अनुमति लिनु पर्ने:(१) नेपालको कुनै विमानस्थल वा हेलिप्याडमा वायुयान अवतरण गर्न वा त्यहाँबाट वायुयान उडान गर्न प्राधिकरणबाट अनुमति लिनु पर्नेछ।

(२) वायुयान उडान तथा अवतरणको प्रकृति अनुसार तोकिए बमोजिम प्राधिकरणले अनुमति प्रदान गर्न सक्नेछ।

(३) उडान, अवतरण तथा अनुमति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६

## एयर नेभिगेशन तथा हवाई मार्ग सम्बन्धी

२६. एयर नेभिगेशन सेवा : (१) नेपालको हवाई क्षेत्रमा एयर नेभिगेसन सेवा प्रदान गर्ने जिम्मेवारी प्राधिकरणको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा नियामक निकायले निर्धारित गरेको मापदण्ड तथा स्तर बमोजिम प्रदान गर्नु पर्नेछ ।

(३) प्राधिकरण बाहेक अन्य कुनै निकाय वा संस्थाबाट एयर नेभिगेसन सेवा प्रदान गर्ने गरी नेपाल सरकारबाट निर्णय भएमा त्यस्ता निकाय वा संस्थाले नियामक निकायले तोकेको मापदण्ड तथा शर्त पूरा गरी एयर नेभिगेसन सेवा प्रदान गर्नु पर्नेछ।

(४) एयर नेभिगेसन सेवा प्रदान गर्ने निकाय वा संस्थाले एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेसन सर्भिस) प्रदान गर्नेछ ।

(५) एयर नेभिगेसन सेवा प्रदान गर्ने निकाय वा संस्थाले खोज तथा उद्दार सेवा समन्वय केन्द्रको सञ्चालन गर्नेछ ।

(६) एयर नेभिगेशन सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. हवाई मार्ग तथा हवाई क्षेत्रको संरचनाः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानमा संलग्न वायुयानको उडान तथा अवतरण गर्ने प्रयोजनका लागि प्राधिकरणले नियामक निकायले तोकेको स्तर बमोजिम विमानस्थलको प्रस्थान, आगमन तथा उडान विधि, उडान मार्ग, हवाई क्षेत्र वर्गिकरण एवं हवाई क्षेत्रको संरचना तयार गरी लागू गर्नु पर्नेछ ।

२८. सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणः एयर नेभिगेसन सेवा प्रदान गर्ने निकाय वा संस्थाले एयर ट्राफिक सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने संचार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान गरी तोकिए बमोजिम सञ्चालनयोग्य अवस्थामा राखु पर्नेछ ।

२९. उड्डयन मौसमी सूचना सेवा प्रदान गर्नेः (१) हवाई सेवा सञ्चालनको लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवा नेपाल सरकारले तोकेको निकायले सञ्चालन गर्नेछ ।

(२) नेपाल सरकारले नेपालको कुनै विमानस्थल वा तोकिएको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न मौसम सम्बन्धी सेवा उपलब्ध गराउने कुनै सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ।

(३) उड्डयन मौसमी सेवा उपलब्ध गराउने निकाय वा संस्थाले प्राधिकरणसँग समन्वय गरी नियामक निकायले जारी गरेको आवश्यक शर्त (रिक्वायरमेण्टस), निर्देशिका, परिपत्र (सर्कुलर) वा आदेश बमोजिम उड्डयन मौसमी सेवा प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद-७

## विमानस्थल सुरक्षा

३०. विमानस्थलमा अपनाउनु पर्ने सुरक्षात्मक उपायः वायुयान, वायुयानमा यात्रा गर्ने यात्रु, वायुयानका उडान दल (क्रू-सदस्य) र वायुयानबाट ओसारपसार गर्ने मालसामान (कार्गो)को सुरक्षाका लागि विमानस्थल सञ्चालकले सुरक्षा निकायसँग समन्वय गरी तोकिए बमोजिमको आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्नु पर्नेछ।

३१. सुरक्षा सम्बन्धी आदेश वा निर्देशनको पालना : (१) वायु सेवा सञ्चालन सुरक्षाको लागि विमानस्थल प्रमुख वा सुरक्षाको लागि खटिएका अधिकार प्राप्त सुरक्षा अधिकारीले विमानस्थल क्षेत्र भित्र कार्यरत कुनै व्यक्ति, संस्था, यात्रु, वायुयानका उडान दल (क्रू-सदस्य) वा त्यहाँ रहेका जुनसुकै व्यक्तिलाई उपयुक्त आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) हवाई उडानलाई सुरक्षित बनाउने प्रयोजनको लागि विमानस्थल सञ्चालक वा सुरक्षा निकायले गरेको व्यवस्था अनुसार कुनै पनि उपकरण वा अन्य कुनै सुरक्षा पद्दती अनुरुप गरिने जाँच वा परीक्षणमा सहभागी हुने दायित्व सम्पूर्ण हवाई यात्रु, वायुयानका उडान दल (क्रू-सदस्य) तथा त्यसमा संलग्न सुरक्षा निकाय वा अन्य कर्मचारीको हुनेछ।

## परिच्छेद-८

## प्रवन्ध निर्देशक र कर्मचारी

३२. प्रवन्ध निर्देशक : (१) प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रुपमा काम गर्न नेपाल सरकारले प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठतम् अधिकृत कर्मचारी वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र नागरिक उड्डयन क्षेत्रमा कम्तीमा दश बर्ष कार्य अनुभव भएको व्यक्तिलाई प्रवन्ध निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) प्रवन्ध निर्देशकको नियुक्ति सम्बन्धी कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(३) प्रवन्ध निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निज अर्को एक कार्यकालको लागि पुनः नियुक्ति हुन सक्नेछ ।

(४) नेपाल सरकारले देहायको अवस्थामा प्रवन्ध निर्देशकलाई उपदफा (३) बमोजिमको पदावधि पूरा हुनु अगावै पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, प्राधिकरणको हित वा उद्देश्य विपरित हुने गरी काम कारवाही गरेमा, पद अनुसारको आचरण नगरेमा वा खराब आचरण देखिएमा,

(ख) प्राधिकरणसंगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको देखिएमा, वा

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना गरेको नपाइएमा।

(५) प्रबन्ध निर्देशक दफा ८ को उपदफा (१) बमोजिमको अवस्थामा पदमुक्त हुनेछ।

(६) उपदफा (४) बमोजिम प्रवन्ध निर्देशकलाई पदबाट हटाउनु अघि सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

३३. प्रवन्ध निर्देशकको काम, कर्तव्य र अधिकारः (१) प्रवन्ध निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(घ) प्राधिकरणको सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) प्राधिकरणको आवधिक योजना, व्यवसायिक योजना, वार्षिक नीति तथा कार्यक्रम र आय तथा व्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) प्राधिकरणको हिसाब किताबको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(ज) नियामक निकायबाट जारी आवश्यक शर्तहरु (रिक्वायरमेण्ट्स), निर्देशिका, म्यानुअल, आदेश, परिपत्र (सर्कुलर) को पालना गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(झ) विमानस्थल सञ्चालन तथा एअर नेभिगेसन सेवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थासँग समन्वय गर्ने र पारस्परिक सहयोग आदान प्रदानको व्यवस्था मिलाउने,

(ञ) नेपाल सरकार, अन्य निकाय तथा संस्थासंग सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ट) प्राधिकरणको काम कारवाही व्यवस्थित र प्रभावकारी रूपले सञ्चालन गर्ने वा गराउने,

(ठ) आकस्मिक परिस्थितिका कारण विमानस्थलको सेवा अवरुद्ध भएमा विमानस्थलको सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने ।

३४. कर्मचारी सम्बन्धी व्यवस्था: (१) प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन् ।

(२) प्राधिकरणको अनुरोधमा नेपाल सरकारले संघीय निजामती सेवाको कुनै कर्मचारीलाई प्राधिकरणमा काजमा खटाउन सक्नेछ ।

(३) प्राधिकरणका कर्मचारीको नियुक्ति, सेवा, शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

३५. योगदानमा आधारित उपदान कोषको व्यवस्था : (१) यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निजहरू निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न योगदानमा आधारित उपदान कोषको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको उपदान कोष सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९

## प्राधिकरणको कोष तथा लेखापरीक्षण

३६. प्राधिकरणको कोष : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) दफा २३ बमोजिम प्राप्त हुने शुल्क,

(ख) दफा ३९ बमोजिम जरिवाना बापत प्राप्त हुने रकम,

(ग) कोषमा रहेको रकम लगानीबाट प्राप्त आय,

(घ) स्वदेशी संघ, संस्था, बैंक वा व्यक्तिबाट प्राप्त ऋण वा अनुदान रकम,

(ङ) नेपाल सरकारको स्वीकृति लिई विदेशी सरकार, विदेशी वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त ऋण वा अनुदान रकम,

(च) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(छ) प्रधिकरणले आर्जन गरेको अन्य आय ।

(३) प्राधिकरणको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त "क" वर्गको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

३७. लेखा र लेखापरीक्षण: (१) प्राधिकरणको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्राधिकरणको आन्तरिक लेखापरीक्षण प्राधिकरण आफैले गर्नेछ र प्रधिकरणको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद–१०

## कसूर र सजाय

३८. कसूर : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ :-

(क) विमानस्थलको निषेधित क्षेत्रमा अनधिकृत रुपमा प्रवेश गरेमा,

(ख) विमानस्थलबाट जारी प्रवेश पासको दुरुपयोग गरेमा,

(ग) विमानस्थल क्षेत्रमा निर्धारित मापदण्ड विपरीत घर, टहरा, टावर वा अन्य कुनै संरचना बनाएमा,

(घ) विमानस्थल क्षेत्रका तारवार भत्काएमा,

(ङ) वायुयानको उडान वा अवतरणमा प्रतिकूल प्रभाव पार्ने गरी विमानस्थल वरिपरिको प्राधिकरणले निर्धारण गरेको संरक्षण क्षेत्रमा प्रकाशको प्रयोग गरेमा वा कुनै यन्त्र वा उपकरण जडान गर्ने वा संरचना निर्माण गरेमा,

(च) विमानस्थलको तीन किलोमिटर वरिपरिको क्षेत्रमा अनियन्त्रित बधशाला स्थापना वा फोहोर मैला थुपार्ने कार्य गरेमा,

(छ) प्राधिकरणको अनुमति नलिई वायुयान उडान वा अवतरण गरे वा गराएमा,

(ज) विमानस्थल क्षेत्रको सुरक्षा व्यवस्थामा प्रतिकूल प्रभाव पार्ने गरी विमानस्थल क्षेत्रमा कुनै कार्य गरे वा गराएमा,

(झ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै कार्य गरे वा गराएमा ।

३९. सजाय : (१) कसैले दफा ३८ बमोजिमको कुनै कसूर गरेमा निजलाई प्रवन्ध निर्देशकले देहाय बमोजिमको सजाय गर्न सक्नेछ:-

(क) खण्ड (क) बमोजिमको कसूर गरेमा एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म जरिवाना।

(ख) खण्ड (ख), (घ), (च) र (झ) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँ देखि पचास हजार रूपैयाँसम्म जरिवाना।

(ग) खण्ड (ग) बमोजिमको कसूर गरेमा बीस हजार रूपैयाँ देखि पचाँस हजार रुपैयाँसम्म जरिवाना ।

(घ) खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँ देखि दुई लाख रुपैयाँसम्म जरिवाना।

(ङ) खण्ड (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई दुई लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना ।

(२) कसैले दफा ३८ को खण्ड (ग) बमोजिमको कुनै संरचना बनाएमा त्यस्तो संरचना बनाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो संरचना आफ्नै खर्चमा प्राधिकरणले तोकेको समयावधि भित्र भत्काउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले तोकेको समयावधिभित्र त्यस्तो संरचना नभत्काएमा प्राधिकरण आफैले त्यस्तो संरचना भत्काई सो भत्काउन लागेको खर्च समेत सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट असूल गर्नु पर्नेछ।

४०. <u>पुनरावेदन</u> : दफा ३९ बमोजिम प्रवन्ध निर्देशकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद–११
## <u>विविध</u>

४१. <u>कर्मचारी व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका स्थायी कर्मचारी यो ऐन प्रारम्भ भए पछि प्राधिकरणका स्थायी कर्मचारीका रुपमा रहनेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतका स्थायी कर्मचारीले प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकायको कर्मचारीको रुपमा रहन चाहेमा त्यस्ता कर्मचारीले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनको आधारमा मन्त्रालयले कर्मचारीको योग्यता, दक्षता, क्षमता, अनुभव र पदको कार्य प्रकृति समेतलाई दृष्टिगत गरी प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकायको स्वीकृत दरबन्दीमा पदस्थापन गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कुनै कर्मचारीले उपदफा (२) बमोजिम नियामक निकायमा रहन निवेदन नदिएको भए तापनि मन्त्रालयले कर्मचारीको योग्यता, दक्षता, क्षमता, अनुभव र पदको कार्य प्रकृति समेतको आधारमा आवश्यक संख्यामा नियामक निकायको स्वीकृत दरबन्दीमा पदस्थापन गर्न सक्नेछ ।

(५) उपदफा (१), (३) र (४) बमोजिम पदस्थापन भएको कर्मचारीको यो ऐन प्रारम्भ हुनु अघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(६) यस दफा बमोजिम पदस्थापना हुन नचाहने कर्मचारीलाई उपयुक्त योजना अन्तर्गत स्वेच्छिक अवकाशको अवसर दिन सकिनेछ ।

(७) उपदफा (१) बमोजिम प्राधिकरणमा पदस्थापना भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजहरूले पाइरहेको पारिश्रमिक तथा सुविधामा घटी नहुने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन् ।

४२. <u>निवृत्तभरण पाउने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणबाट निवृत्तभरण पाइरहेका कर्मचारीले यो ऐन प्रारम्भ भएपछि प्राधिकरणबाट निवृत्तभरण पाउनेछन् ।

(२) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम पदस्थापन भएका बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजले निवृत्तभरण वा उपदान मध्ये कुनै एक सुविधा रोज्न सक्नेछन् ।

४३. विमानस्थल सुरक्षाः (१) विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षाको व्यवस्थापन नेपाल सरकारले गर्नेछ।

(२) विमानस्थलमा सुरक्षा जाँचको लागि प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्न सक्नेछ।

४४. विमानस्थलमा कार्यरत निकाय तथा संस्थाको कर्तव्यः विमानस्थलमा कार्यरत सबै सरकारी तथा गैरसरकारी निकाय तथा संस्थाले हवाई यात्रुहरुको सुरक्षा, सुविधा तथा वायुयानको सुचारु सञ्चालनलाई उच्च प्राथमिकतामा राखी स्तरीय सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

४५. वार्षिक प्रतिवेदनः प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

४६. जग्गा प्राप्तिः प्राधिकरणलाई नयाँ विमानस्थल निर्माण गर्न, विमानस्थल विस्तार गर्न वा विमानस्थलमा भइरहेका सुविधाहरु स्तरोन्नति वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक भई सोको प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्रचलित कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्नेछ ।

४७. भाग लिन वा हिस्सेदार हुन नपाउने : प्राधिकरणको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसंगको कुनै पनि कारोवार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भाग लिन वा हिस्सेदार हुन पाउने छैनन् ।

४८. नेपाल सरकारसँग सम्पर्कः प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

४९. निर्देशन दिन सक्नेः नेपाल सरकारले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ ।

५०. शपथः प्राधिकरणका अध्यक्ष, सदस्य र प्रबन्ध निर्देशकले पदमा बहाल हुनु अघि अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

५१. प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने : कसैले यस ऐन विपरित गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा त्यस्तो कानून बमोजिम समेत मुद्दा चलाउन बाधा पर्ने छैन ।

५२. अधिकार प्रत्यायोजन : (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक वा प्राधिकरण अन्तर्गतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) प्रबन्ध निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राधिकरण अन्तर्गतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५३. सम्पत्ति तथा दायित्व सर्नेः (१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवाले चर्चेका जग्गा, भवन,

उपकरण, संरचना लगायतका चल, अचल सम्पत्ति र सम्पूर्ण ऋण तथा दायित्व प्राधिकरणमा सर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियामक निकायलाई आवश्यक पर्ने घर, जग्गा र सम्पत्ति नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ ।

५४. नियम बनाउने अधिकार: (१) यस ऐनको कार्यान्वयनको लागि प्राधिकरणले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले बनाएका नियमहरु मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

(३) उपदफा (१) बमोजिमको नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५५. बचाउः नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवा सम्बन्धमा भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची

(दफा ५० सँग सम्बन्धित)

सपथ

म ……….. सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वरको नाममा सपथ लिन्छु कि नेपाल हवाई सेवा प्राधिकरणको अध्यक्ष /सदस्य / प्रबन्ध निर्देशकको पदको जिम्मेवारी र कर्तव्य कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी अनुशासनमा रही नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०७६ तथा प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक कुनै अवस्थामा प्रकट गर्ने छैन ।

| सपथ ग्रहण गर्नेको | सपथ ग्रहण गरेको प्रमाणित गर्नेको |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| पदः | पदः |
| | कार्यालयः |